लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नेपाल

प.स. ०८२/०८३
च.न. ५५३

मितिः२०८२/०६/२२

**विषयः सूचना संप्रेषणमा सहयोग सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी(व.सु.प.) ।
श्री जिल्ला प्रशासन कार्यालय
नवलपरासी (व.सु.प.) ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
परासी, नवलपराससी(व.सु.प.)।
श्री स्थानीय तह सवै, नवलपरासी,(व.सु.प.) ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. ०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उद्यमी एक्स्पोजर भिजिट कार्यक्रम र उद्यमी वन्न चाहने वेरोजगार युवाका लागि उद्यमशिल कार्यक्रम आवेदन पेश गर्नको लागि प्रकाशन गरिएको यसै साथ संलग्न सूचना (पाना-२) तहाँ कार्यालयको सूचना पार्टीमा टाँस गरी सहयोग गरिदिनु हुन तथा सो को जानकारी उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

२०८२/०६/२२

वरिष्ठ उद्योग अधिकृत
मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)

## उद्यमी बन्न चाहने बेरोजगार युवाका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०६।२२**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्लाभित्रका निम्न आयस्तर र बेरोजगार युवालाई उद्यमशिलता तालिममार्फत स्थानीय श्रम, सीप र कच्चा पदार्थको परिचालन गरी व्यावसायिक अवसरको बारेमा जानकारी गराउनुका साथै उद्यम व्यवसाय सञ्चालन गर्न व्यवसायप्रति उत्प्रेरित गरी व्यवसाय छनौट गर्ने उद्देश्यले सञ्चालन हुने तपसिल बमोजिमको उद्यमी बन्न चाहने बेरोजगार युवाका लागि उद्यमशिल कार्यक्रमको लागि आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल:nawalparasi.csio@gmail.com मार्फत आवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विवरण | सहभागी संख्या | मिति र स्थान |
|---|---|---|---|
| १. | उद्यमी बन्न चाहने बेरोजगार युवाका लागि उद्यमशिल कार्यक्रम | २० जना | पछि तय गरिने |

नोटः

- निवेदक १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने,
- नवलपरासी(ब.सु.प.) जिल्लाभित्रका निम्न आयस्तर र बेरोजगार युवालाई विशेष प्राथमिकता दिइने साथै निम्न आयस्तर भएको सिफारिस पत्र (सम्वन्धित वडा कार्यालयले प्रदान गर्ने) समेत संलग्न गर्नुपर्ने।
- निवेदन पेश गर्दा माथि उल्लेखित विषयहरु प्रमाणित हुने कागजात अनिवार्य पेश गर्नुपर्नेछ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.)को फोन नं.०७-८५-५२०१६९ वा उद्यम विकास सहजकर्ता श्री मनोज कुमार चौधरी (९८०४४८४३१५) लाई सम्पर्क गर्न सकिनेछ।

वरिष्ठ उद्योग अधिकृत

घरेलु तथा साना उद्योग कार्यालय,नवलपरासी(ब.सु.प.)

२०८२।०६।२२

मोहन पाण्डे

कार्यालय प्रमुख

(वरिष्ठ उद्योग अधिकृत)

## उद्यमी एक्स्पोजर भिजिटका लागि इच्छुक व्यक्तिहरुले आवेदन पेश गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति २०८२।०६।२२**

यस कार्यालयको चालु आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्लामा उद्योग स्थापना गरी राज्यलाई महत्वपूर्ण योगदान पुर्याएका तथा थप केहि गर्न आवश्यक छ भनि अध्ययन गरेका उद्योगीहरुलाई प्रदेशभित्रका वा प्रदेश बाहिर रहेका सफल उद्योगहरुको निरिक्षण गरी उद्योगीहरुलाई उद्योग विस्तार गर्न र रोजगारीका अवसरहरु थप सृजना गर्ने उद्देश्यले सञ्चालन हुने तपसिल बमोजिमको उद्यमी एक्स्पोजर भिजिटको लागि आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल:nawalparasi.csio@gmail.com मार्फत आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क.सं. | विवरण | सहभागी संख्या | मिति र स्थान |
|---|---|---|---|
| १. | उद्यमी एक्स्पोजर भिजिट कार्यक्रम | ८-१२ जना | पछि तय गरिने |

नोट:

- निवेदक १८ बर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्नेछ,
- नवलपरासी (ब.सु.प.) जिल्लामा उद्योग स्थापना गरी राज्यलाई महत्वपूर्ण योगदान पुर्याएका हुनुपर्ने।
- स्थानीय तथा खेर गएका कच्चा पर्दाथ तथा स्रोत साधन प्रयोग गरी उद्योग सञ्चालन गरेकाहरुलाई विशेष प्राथमिकता दिइनेछ।
- निवेदन पेश गर्दा उद्योग दर्ताको प्रमाणपत्र, करचुक्ता, नविकरण साथै माथि उल्लेखित विषयहरु प्रमाणित हुने कागजात अनिवार्य पेश गर्नुपर्नेछ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) को फोन नं.०७-८५-५२०१६९ वा उद्यम विकास सहजकर्ता श्री मनोज कुमार चौधरी (९८०४४८४३१५) लाई मा सम्पर्क गर्न सकिनेछ।)

वरिष्ठ उद्योग अधिकृत
घरेलु तथा साना उद्योग कार्यालय,नवलपरासी(ब.सु.प.)

२०८२/०६/२२

मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)

CS CamScanner